'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ७० | बुधवार २१ कार्तिक, २०८१ | 06 (Wednesday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### बेमौसमी वर्षाले धान बालीमा क्षति

## भित्र्याउने अवस्थामा पानीले धान डुवाउदा किसान चिन्तित

भीम रावत
बाँके, कार्तिक/२०



सोमबार परेको बेमौसमी झरीले बाँकेमा काटेर खेतमै सुकाएको धानबालीमा क्षति पुऱ्याएको छ। पानीले काटेर खेत मै रहेको र खल्यानमा राख्न ठिक्क पारेको धानको बाला खेतका गराहरु मै रुझाए/डुबाएर धानका बिया सबै ढाडिएको अवस्थामा छ भने काट्न ठिक्क परेको धान खेतमा नै झारिदिएको छ। वर्ष दिनसम्म खाने धानबाली वर्षाले भिजाएर क्षति पुऱ्याएको देखेर बाँकेका किसानहरु ठूलो चिन्तामा परेका छन्। बाँके परसपुरका किसान रामसुरत बर्माले भने, 'ठूलो दुख गरेर वर्षभरी खाने धान बाली पानीले सबै काम नलाग्ने बनाइदियो। पानीले ढाडिएको धान थ्रेसरमा झार्दा नै आधा भन्दा बढी धुलो भैहाल्छ। बाँकी रहेको धान पनि पछि मिलमा कुटाउदा सबै भाचिएर कनिका मात्र हुन्छ। खादा स्वाद पनि हुँदैन। किनेर खाने हामी सँग पैसा हुँदैन। आफ्नो खेतमा आफूले दुक्ख गरेर लगाएको धान पानीले यस्तो बनाइदियो।' दुई बिघा खेतमा लगाएको मसिनो जातको धान काटेर स्याहार्ने बेला सोमबार राति परेको पानीले भिजाएर ठूलो क्षति भएको वर्माले बताए। केही दिनदेखि मौसम पूर्ण रूपमा नखुलेका बेला डराइडराई धान काटेका किसानलाई वर्षाले निराश पारेको छ। त्यस्तै राप्तीसोनारीका रामचरण थारुको चिन्ता पनि वर्माको जस्तै छ। थारुले वर्षभरी खाने धान पानीले क्षणभरमै भिजाएर नष्ट पारिदिएको बताए। थारुले भने, 'धान काटेको दुईतीन दिन भयो, तिहार मनाएर घर लैजाने भनेको पानीले सबै धान खेत मै भिजाइदियो, धान मात्र होइन पराल समेत काम नलाग्ने गरी भिजेको छ।' कृषि ज्ञान केन्द्र बाँकेका कार्यालय प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ विनोद घिमिरेले बाँकेमा बेमौसमी वर्षाले काटेको धानमा ठूलो क्षति पुऱ्याएकोमा यहाँका किसानहरु निकै चिन्तित भएको बताए। घिमिरेले भने, 'सोमबार साँझ र राती अचानक परेको पानीले अन्य बालीलाई असर नगरे पनि धानलाई क्षति पुऱ्याएको छ। के कति क्षति भयो भन्ने तथ्याङ्क सङ्कलनमा लागेका छौं।' बाँकेमा छिटो पाक्ने धान किसानले स्याहारिसकेका भए पनि ढिलो पाक्ने धान स्याहार्न बाँकी नै रहेको बेला अचानक पानी परेर धान बालीमा क्षति पुगेको छ। जिल्लाका सबैजसो पालिकामा थन्क्याउने तयारी गरेको धानमा पानीले नोक्सानी पुऱ्याएको हो। कतिपय किसानहरुले तिहार अघिदेखि काटेर सुकाएको र कतिपयको सोमबार बिहान र दिउसो काटेको धान त्यसै दिन राती नै परेको पानीले नष्ट गरेको बाँके डुडुवाका किसान मोदी यादवले बताए। *बाँकी ३ पेजमा...*

## रवी लामिछाने अझै १० दिन प्रहरी हिरासत मै

नमस्ते समचारदाता
पोखरा, कार्तिक/२०



जिल्ला अदालत कास्कीले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेलाई थप १० दिन हिरासतमा राखी अनुसन्धान गर्न अनुमति दिएको छ। कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका लामिछानेलाई मङ्गलबार अदालतले तेस्रो पटक म्याद थपेको हो। पहिलो पटक कात्तिक ४ गते रवीलाई पाँच दिन हिरासतमा राखी अनुसन्धान गर्न अदालतले अनुमति दिएको थियो। दोस्रोपटक सात दिन म्याद थप भएकोमा तिहार बिदा परेकाले मङ्गलबार मात्र लामिछानेलाई अदालत लगिएको थियो। न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले लामिछाने सहित चार जनालाई थप १० दिन म्याद थप गरेको जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिएका छन्। पूर्वगृहमन्त्री समेत रहेका लामिछाने गोरखा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक रहँदा कास्कीको सूर्यदर्शन सहकारीबाट अवैध रुपमा रकम लगी हिनामिना भएको आरोप छ। सङ्गठित अपराध, सहकारी ठगी र सम्पत्ति शुद्धीकरणमा अनुसन्धान गर्न लामिछानेलाई थप २५ दिन हिरासतमा राख्ने अनुमति माग गरिएको थियो। लामिछानेको पक्षबाट अधिवक्ताहरू नारायण घिमिरे, नारायण कँडेल, सुशील पन्त लगायतले बहस गर्दै बयान सकिएकाले रिहा गर्न माग गरेका थिए। सहकारी पीडितको तर्फबाट अधिवक्ता युवराज पराजुली र सरकारी वकिल कार्यालयकी सविता काफ्लेले थुनामै राखी अनुसन्धान गर्नुपर्नेमा जोड दिएका थिए थिए। लामिछाने सँगै सूर्यदर्शन सहकारीकै रकम ठगी आरोपमा पक्राउ परी कास्की प्रहरीको हिरासतमा रहेका गोरखा मिडियाका पूर्वउपाध्यक्ष छविलाल जोशी, लीला पछाई र रामबहादुर खनाल विरुद्ध पनि १० दिन म्याद थप भएको छ। पोखरामा रवि लामिछानेको समर्थनमा रास्वपाका कार्यकर्ताले गरेको प्रदर्शनमा प्रहरीसँग झडप भएको छ। प्रहरीले निषेधित क्षेत्र तोड्न खोजेका प्रदर्शनकारीलाई अश्रुग्यास प्रहार गरेको थियो। प्रहरीले ७ जना प्रदर्शनकारी रास्वपा कार्यकर्ताहरूलाई नियन्त्रणमा लिएको छ। लामिछानेलाई म्याद थपका लागि जिल्ला अदालत कास्कीमा उपस्थित गराउनु अघिदेखि नै मंगलबार रास्वपाका कार्यकर्ताहरूले सडकमा प्रदर्शन थालेका थिए।

## पानी नपाएर काकाकुल छ जुम्लाको रारा गाउँ

नमस्ते समचारदाता
जुम्ला, कार्तिक/२०



यहाँको तिला गाउँपालिका -१ स्थित रारा गाउँका गाउँले वर्षौंदेखि काकाकुल छन्। विभिन्न योजना सञ्चालन गरिए पनि प्रभावकारी कार्यान्वयन नहुँदा रारावासी खानेपानी अभाव भोग्न बाध्य भएका हुन्। आठवर्ष अघि सङ्घीय खानेपानी कार्यालय जुम्लाबाट तिला-९ ढीपुबाट खानेपानी ल्याउने पञ्चवर्षीय योजना सुरु गरिएपनि पनि उपभोक्ता समिति र कार्यालयले राम्रोसँग काम नगर्दा योजना सञ्चालन हुन सकेन। स्थानीय सरकार गठन भएपछि ५० लाख रुपियाँमा गाउँमा खानेपानी लिफ्टिङ योजना बनाइयो तर पानी आइपुगेन। यहाँका बासिन्दाले धित मरुन्जेल खानेपानी पिउन नपाएको पुस्तौं भइसक्यो। विसं २०३५ मा निर्माण गरिएका चारवटा सार्वजनिक धारा छन्। यी धारामा दैनिक ४ घण्टाका दरले पानी आउँछ। गाउँमा रहेका दुई सय ६० घरधुरी चारवटा धाराको पानीमा निर्भर छन्। कहिलेकाहीँ धारामा पानी नआउँदा एक घण्टा पैदल दूरीमा रहेको तिला नदीको पानी पिउन बाध्य छन्। ४३ वर्षअघि बनेको दुम्कली खानेपानी आयोजना जीर्ण हुँदा पानीको सङ्कट झन् बढ्ने चिन्ता थपिएको छ। पानीको मूल विस्तारै सुक्न थालेको छ। मागअनुसार आपूर्ति नहुने भएकाले गाउँमा खानेपानीकै विषयमा दैनिकजसो झगडा हुने गरेको छ। रारागाउँ वरपर पर्याप्त उर्वर जमिन छ। तर सिँचाइ अभावले गाउँ मरुभूमिजस्तो देखिन्छ। गाउँको तलपट्टि कर्णाली राजमार्गको छेउबाट तिला नदी बगिरहे पनि खेतमा सिँचाइका लागि कुलो नभएको स्थानीयवासी मानसिंह रावतले गुनासो गर्नुभयो। "घर वरिपरिका करेसाबारी बाँझै छन, आयातित तरकारी र खाद्यान्न खानुपर्ने बाध्यता छरु। उत्पादन हुने उर्वर जमिन त छ, तर सुक्खा छ," रावतले भन्नुभयो, "नदीको पानी खेर गइरहेको छ।" *बाँकी ३ पेजमा...*

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्‍ान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

सत्यवाणी :
भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## डेंगुको संक्रमण र बच्ने उपायहरु

पछिल्लो समय डेंगु सङ्क्रमण बढ्दै गएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) को तथ्याक्त अनुसार नेपालका ७७ वटै जिल्लाबाट २८ हजार २ सय १२ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ। जाडो बढे पनि डेंगु सङ्क्रमण नघटेपछि सरकारले 'पुनः खोज र नष्ट गर' अभियान देशव्यापी रूपमा सञ्चालन गर्न अपिल गरेको छ। नेपालमा डेंगु सङ्क्रमण विभिन्न वर्षमा फरकफरक जिल्लामा पुष्टि हुँदै आएको छ। दुई वर्ष अगाडि डेंगुले काठमाडौँ उपत्यकालाई हटस्पट बनाएको थियो। गत वर्ष सुनसरी जिल्ला बढी प्रभावित बनेको थियो। यो वर्ष गण्डकीको कास्की, तनहुँमा बढी सङ्क्रमित पुष्टि भएका छन्। डेंगु लगातार एउटै समयमा, एउटै ठाउँमा एउटै जिल्लामा नदेखिने दुई तीन वर्षको अन्तरालमा मात्र पुनः त्यो ठाउँमा देखिने क्रम बढ्दो छ। पछिल्लो समय हिमाली जिल्ला र पहाडी जिल्लामा डेंगुका बिरामी बढ्नुको कारण डेंगु सार्ने लामखुट्टेले आफ्नो आनीबानीमा परिवर्तन गर्नु, डेंगु सार्ने लामखुट्टेले जुनसुकै वातावरणमा बाच्न सक्ने भएको हुन गएकोले हो। मानिसहरूको आवतजावत बढ्दै गएको र लामखुट्टे पनि सरसामानको माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गर्ने तथा एक ठाउँमा सङ्क्रमित भएका मानिस अर्को ठाउँमा जाँदा त्यहाँका लामखुट्टेले टोकेर लामखुट्टे सङ्क्रमित हुने र अन्य मानिसलाई रोग सार्ने भएकाले विभिन्न जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ।जति बेलासम्म डेंगु सार्ने लामखुट्टेको घनत्वलाई नियन्त्रण गर्न सकिँदैन त्यति बेलासम्म डेंगु रोग नियन्त्रण गर्न चुनौती छ। डेंगु सार्ने लामखुट्टेको आनीबानीको आधारमा लामखुट्टेको वासस्थान, सजिलै सन्तान उत्पादन गर्ने प्रजनन स्थललाई खोज्ने नष्ट गर्न राज्यले खोज तथा नष्ट गर अभियान सञ्चालन गरिरहेको भए पनि त्यो प्रभावकारी हुनसकेको छैन। डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ। त्यसको लागि घर वरिपरि हिँड्दा वा बाहिर निस्कँदा शरीर ढाक्ने कपडा लगाउने, घरमा सुत्दा झुलको प्रयोग गर्ने गर्नुपर्छ। घर वरिपरि पानी जम्न नदिने, अनावश्यक रूपमा जमेका पानी सफा गर्ने, गमलामा राखेको पानी, प्रयोग गर्न राखिएका पानी डेंगु सर्ने लामखुट्टेको वृद्धि र विकास हुने भएकाले कम्तीमा हप्तामा एक दिन सफा गर्नुपर्छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# 'अर्थ फेरिएछ



सुनीलकुमार पौड्याल

केही दिनअघि एक ठाउँमा मैले भाषण गरेको थिएँ । त्यही दिन मेरा मित्र सुपर्णखाले पनि कुनै अर्कै ठाउँमा भाषण गरेका रहेछन् । न मैले भाषण गरेको उनलाई थाहा थियो न उनलाई मैले गरेको । किनभने त्यस विषयमा हामीले भेट हुँदा पनि चर्चा गरेनौं । आज अचानक एउटा लेख पढ्न पाएँ । त्यसमा मेरो र उनको भाषणका केही अंश आफूलाई इच्छा लागेअनुसार लेखकले काँटछाँट गरेर छपाइ दिएछन् । त्यसका केही अंश यहाँ उद्धृत गर्छु । पुरानो गीत सम्झिएर (गीतकारको नाम बिर्सिएँ) मैले हामी अहिले पनि यही नैं भन्छौं भनेर भनेको थिएँ 'जनताकै सेवा गर्छौं झुटो बोल्दैनौं ।' सुपर्णखाले के सन्दर्भमा भनेका हुन् थाहा छैन उनले बोलेका कुराहरूबाट केही अंश झिकेर ती लेखकले लेखेछन् 'जनतालाई सेवा गराउँछौं झुटो बोल्दैनौं ।' त्यस्तै 'अजेय शक्ति जनतालाई खेलौना नठान, जनताले मुक्ति पाउनेछ पक्कै मान या नमान' भन्ने त्यही गीतकारको हरप मैले भनेकोमा सुपर्णखाले कुन सन्दर्भमा भनेका थिए त्यो नलेखी ती लेखकले मेरा मित्रका हरप टिपेर लेखेछन् 'अजेय शक्ति हामी हौं जनता होइनन् मृत्युपछि मुक्ति तिनले पाउनेछन् मान या नमान ।' अब यसरी आफूलाई जे ठीक लाग्छ जहाँको हरप टिप्दा मन पर्छ त्यही कुरा सन्दर्भ छाडेर लेख्न पाइन्छ ? त्यतिमात्र कहाँ हो र । मेरा मान्छेले उद्योग बन्द गर्न हुन्न बिजुली काट्न हुन्न । रोजगारीको समस्या हुन्छ, राजस्व घट्छ त्यसभन्दा बढी लगानीकर्ताको लगानी डुब्छ । पछि कोही पनि लगानी गर्न आउँदैनन् । यस्तो कुकृत्य गर्न पाइँदैन भन्ने संवेदनशील कुरा गरेकोमा त्यसलाई समेत तोडमरोड गरेर 'बिजुली मात्र किन ? जग्गा सित्तैमा, बैंकबाट लगानी सित्तैंमा, कामदार सित्तैंमा भन्ने नियम नैं बनाइदिए भैगो नि' कुन सन्दर्भमा भनेको हो त्यसको हेक्का नराखी मेरा मित्र सुपर्णखाले गरेको भाषणको कुनै अंश समेटेर व्यंग्य कस्छन्



बा ! बुझ्दो न सुझ्दो धोती लिएर कुद्दो भनेको यै हो । कुन सन्दर्भमा भनेको हो त्यसको हेक्का नराखी मेरा मित्र सुपर्णखाले गरेको भाषणको कुनै अंश समेटेर त्यो लेखकले मेरा मान्छेको हुर्मत लिन खोज्दा रहेछन् । त्यति मात्र हो र ? पर्यटन विकासमा हृदयदेखि लागेका मेरा मान्छेले पछिकाले के गर्लान् के भन्ने शंका भएकोले समयअगावै त्यो व्यवसाय गरेको जम्मा एक जनाको लागि केही वर्ष अगाडि वर्षौंसम्मको लाइसेन्स दिएर पर्यटन व्यवसायलाई बढावा दिएको र त्यो पनि नियमअनुसार नै गरेको न हो । स्वार्थले बसिभूत भएर आफ्नो इच्छाअनुसार नियम फेरेको दोष पो लगाउँदा रहेछन् ती लेखक त । कैले भ्रष्टाचार नगर्ने उनले वाचा गरेको कुरा भाषणमा के बताएको थिएँ कहाँ कहाँबाट सुपर्णखाको भाषणको अंश ल्याएर धज्जी उडाए ती लेखकले । सद्भावलाई पनि नबुझ्ने त्यस्ता लेखकलाई के भन्नु ? म त्यस्तो अशिष्ट छैन उनलाई जे पायो त्यही भन्न । सद्भावले गरेको काममा पनि घुस आउँछ कहीं ? मैले भाषणमा विकासका अनेक प्रमाण दिँदै सडकको द्रुत विकास भएको कुरा गरेकोमा ती लेखकल मेरा मित्रको भाषणको एक अंश टिपेर 'धेरैजसो राजमार्गको स्थिति हेर्दा हिलो र धूलोले राज्य जमाएको छ। कति ठाउँमा धाप जस्तो देखिन्छ। भएको को संरक्षण छैन, फुइँ लगाउँछ' भन्ने हरपलाई आफ्नो लेखमा ठाउँ दिएछन् । के के न बुझे जस्तो । अझ थप्दै उनले लेखेका रहेछन् यी सबै कुरामा घूसबाहेक के ले काम गर्छ त ? लेख पढ्दै गर्दा मेरो पारा अति नैं चढ्न पुग्यो । पढ्न छाडेर दाह्रा किटें । तर के गर्नु लेखक अगाडि थिएनन् । मेरा साधुजस्ता मान्छेलाई त्यस्तो आरोप लगाउने ? हुन् त सुने भने साधु बिरालो भन्न पनि बेर लगाउँदैनन् होला ती लेखकले । मैले जान्याछु । भेट्न त भेटुं । आजैदेखि लाग्छु म तिनको v fh Ldf . - *अन्नपूर्ण*

# सार्वजनिक संस्था निर्माणको चुनौती

रीता भण्डारी

विसं २००७ पछि बाहिरी मुलुकसँग जोडिन थालेको नेपाल विसं २०६२/६३ को शान्ति प्रक्रियापछि संसारसँग झन् नजिकिएको छ । देशमा चलेको एक दशक लामो सशस्त्र द्वन्द्व र त्यसको रूपान्तरणका लागि नेपालका सात राजनीतिक दल र तत्कालीन विद्रोही पार्टी नेकपा माओवादीको सहमतिमा चलेको शान्तिपूर्ण आन्दोलन, शान्ति सम्झौताका विभिन्न चरणदेखि अन्तरिम संविधान, अन्तरिम संसद् र संविधान सभा चुनावका कारण नेपाल बाहिरी मुलुकसँग झन् चिनियो। २०७२ सालको नयाँ संविधान घोषणा, स्थानीय चुनाव, र प्रदेशदेखि सङ्घीय चुनाव र यहाँ हुने विकासको कामलाई विश्व समुदायले नजिकबाट हेरिरहेको छ। नेपालले पटक पटक अन्तर्राष्ट्रिय दिनहरूलाई समेत प्रतिविम्बित गराउने गरी पर्यावरण, तापक्रम वृद्धि, हिमनदीहरूको अवस्था र यी समस्याले विकास निर्माण र मानवजातिको दिनचर्याबारे राजनीतिक, प्रशासनिक र अनुसन्धानको तहबाट पनि जानकारी दिइरहेको छ । आजको बदलिँदो समय र संसार म्याक्लुहानले भने जस्तै एउटा गाउँ बनेको सन्दर्भमा छिटोछरितो र भरपर्दो 'सार्वजनिक प्रशासन' को माध्यमबाट नेपालीको विश्वास आर्जन गर्न आवश्यक छ । नेपालका सार्वजनिक संस्थामा २०४० को दशकदेखि एकपछि अर्को गरेर सरकारले स्वामित्व छाड्दै गएको देखिन्छ । यस्तो अवस्थामा उत्पादन बढाउन, रोजगारी वृद्धि गर्न र जनतालाई सरकारका काममा सहभागी गराउन सार्वजनिक प्रशासनले भूमिका खेल्नु पर्छ । स्थानीयदेखि केन्द्र सरकारले उपलब्धि मात्र सुनाउने गरेको पाइन्छ। ती उपलब्धिको अपनत्व जनस्तरबाट नभएसम्म सरकार र सार्वजनिक प्रशासनले चुनौतीको सामना गरिरहनु पर्छ । राम्रो कामको मूल्याङ्कन गर्ने बहानामा नराम्राले प्रश्रय पाउने र यसबाट जनताले दुःख पाउने प्रश्न उठ्ने भनेको राजनीतिक प्रणाली र उक्त प्रणालीलाई सफल बनाउने प्रशासनिक संयन्त्र कमजोर भएरै हो । नेपालको पछौटेपन, बढ्दो बेरोजगारीका कारण नेपालमा चुनौती धेरै छन् । तिनीहरू विशेष परिस्थिति र प्रदेश अनुसार भिन्न पनि हुन्छन् । केही सामान्य छन् र हुन्छन् । नेपालका कोशी, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका मानिसको र हनसहन, संस्कृति र मानिसको व्यवहार र पहिचानलाई सार्वजनिक प्रशासनले बुझ्नु आवश्यक छ । स्वतन्त्र रूपमा नागरिकका बिचमा सार्वजनिक प्रशासनको विश्वासमा आएको ह्रास राजनीतिक प्रणाली र शासनमा रहेका दलका लागि ठुलो चुनौती हो । त्यसकारण सरकारले आफ्ना कार्यक्रम र नीति व्यवस्थापन गर्ने माध्यमलाई समाज र नागरिक हितमा केन्द्रित गर्नु आवश्यक छ। २०७६ सालको विश्वव्यापी कोभिड सङ्कटदेखि रुस-युक्रेन युद्धपछि उत्पन्न आर्थिक सङ्कटपछि भएको न्यून आर्थिक वृद्धिको वर्तमान परिदृश्यलाई ख्याल गरी कसरी नेपाली जनतालाई बढीभन्दा बढी लाभ र सन्तुष्टि दिने भन्ने विषयमा सरकार सरल बन्न आवश्यक छ । सार्वजनिक प्रशासनका कुरालाई राजनीतिक पार्टीहरूको नैतिकता, आचरण र व्यवहारसँग जोडेर दक्षताका लागि दक्षता, अनावश्यक बजेट कटौती र बजेट फ्रिजको अधिक चक्रबाट देशलाई जोगाएर अर्थतन्त्रको केही हदसम्म फराकिलो नवव्यवस्थापकीय आयामबारे बहस र छलफल हुने वातावरण बन्नु पर्छ । वैश्विक रूपमा हेर्दा क्रिस्टोफर हुड र क्रिस्टोफर पोलिटले बताउने गरेको 'कटब्याक' रणनीति मार्क ब्लिथ, डेभिड स्टकलर र सञ्जयबासुले रेखाङ्कित गरे झैं सरकारले धेरै उच्च आर्थिक लक्ष्य हासिल गर्न सामाजिक लागत बढाउन आवश्यक छ । सरकारको बजेट स्रोत कसरी प्रभावकारी रूपमा वितरण र व्यवस्थापन गर्न सकिन्छ भनेर पनि सरकार र सार्वजनिक प्रशासनको चासो हुन आवश्यक छ। यसका लागि सरकारले दैनिक प्रशासन सञ्चालन वा सार्वजनिक कार्यक्रमको भविष्यको दिगोपनमा पनि सार्वजनिक प्रशासनले सबै जिम्मेवारी वहन गर्न आवश्यक छ । नेपालमा 'संवैधानिक रूपमा समाजवाद उन्मुख' राज्य बनाउने भने पनि सार्वजनिक संस्थाहरूको आधारभूत विशेषताको ख्याल नगरी सार्वजनिक संस्थालाई कमजोर बनाउँदै लगिएको छ । लोकतन्त्रका खम्बा मानिने सार्वजनिक संस्था कमजोर हुँदा मुलुक नै कमजोर हुन्छ। राज्यले संस्था निर्माणमा लगानी गर्न आवश्यक छ। संस्था निर्माण नभएसम्म मुलुकको उन्नति सम्भव छैन। दोस्रो विश्वयुद्धपछि अमेरिकामा भएका सार्वजनिक संस्थालाई कसरी बलियो र उत्तरदायी बनाउने विषयमा छलफल र अनुसन्धान भए । नेपालमा पनि सार्वजनिक संस्थालाई बलियो बनाउने विषयमा बहस गर्न ढिला भइसकेको छ। २०१६ सालमा स्थापना भएको त्रिभुवन विश्वविद्यालयको सार्वजनिक प्रशासन पनि राजनीतिकै कारण लथालिङ्ग भएको हो भन्ने बुझेर देशका लागि आवश्यक सुधार त्यहीँबाट गर्न आवश्यक छ । बदलिँदो समयको व्यापक प्राविधिक ज्ञान भएका व्यक्तिको नेतृत्वमा र उच्च विशिष्ट कार्य सम्पन्न गर्न सक्ने नेतृत्वकर्ताको हातबाट नै सार्वजनिक प्रशासनमा सुधार आउँछ भन्ने कुरा सबैले बुझ्न आवश्यक छ । सरकारले संस्थागत निर्णयको कार्यान्वयन अहिलेको राजनीतिक प्राथमिकता वा प्राथमिकताका अधीनमा रहेर गर्नु पर्छ। देशका 'स्वायत्त' संस्थाहरूलाई संस्थागत डिजाइनको उच्च विशिष्ट रणनीति अन्तर्गत प्रयोग गर्न दिएमा मात्र जनतामा खुसी छाउने छ भने सरकारप्रतिको विश्वास पनि बढेर जाने छ । केही वर्षपहिला नेपालीले भोग्नु परेको कहालीलाग्दो लोडसेडिङको तालिका बदलिएर आज नेपाल भारत र बङ्गलादेशसम्म बिजुली बेच्ने अवस्थामा पुगेको अवस्था नियालेर सरकार र आमनागरिकले सकारात्मक रूपबाट सोच्नु पर्छ । सार्वजनिक प्रशासनको 'अन्तर्राष्ट्रिय आयाम' सँग नेपालको सार्वजनिक प्रशासन पनि सम्बन्धित छ भनेर बुझ्नु पर्छ । विश्वमा हाल ५.० को प्रशासनिक नीतिमा बहस र लागु भइसकेको समयमा हामी त्यसबाट अलग्गिन सक्दैनौं । वर्तमान समयमा दैनिक सार्वजनिक नीतिहरूको विकासमा अन्तर्राष्ट्रिय कारण धेरै महत्वपूर्ण छन् । आज सरकारले सामना गर्ने धेरै जटिल समस्या स्थानीय हुँदै अन्तर्राष्ट्रिय समस्या पनि बनेका छन् । तापमानको वृद्धि र हिमनदीको समस्या, जलवायु परिवर्तन, हतियारको तस्करी, बसाइँसराइ, लागुपदार्थको तस्करी र रोगहरूको प्रकोप, गरिबी यसका उदाहरण हुन्। यी परिस्थितिसँग जुध्न सरकारले अन्तर्राष्ट्रिय क्षेत्रसँग समन्वय गरेर कार्य गर्नु पर्छ। यसबाहेक विविध सार्वजनिक नीति अन्तर्राष्ट्रिय अन्तरनिर्भरतासँग बढी जोडिएको देखिन्छ । आर्थिक उदारीकरणको प्रक्रिया, मानव अधिकार संस्थाहरूको निर्माण, सार्वजनिक नियुक्तिमा लैङ्गिक सन्तुलनका लागि मापदण्ड, प्रसार र स्थानान्तरणको अन्तर्राष्ट्रिय ढाँचाको केन्द्रीयतालाई प्रस्ट्याउने गरेको पाइन्छ।

# राष्ट्रिय खेलाडी पूजालाई कोहलपुरमा सम्मान

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/२०

एक साता अघि काठमाडौँमा सम्पन्न महिला साफ च्याम्पियनसिपमा उपविजेता बनेको नेपाली महिला टोलीकी सदस्य पूजा रानालाई गृहजिल्लामा सम्मान गरिएको छ। पूजालाई बाँकेको कोहलपुर नगरपालिकाले मङ्गलबार ५१ हजार रुपियाँसहित सम्मान गरेको हो । नेपाली महिला राष्ट्रिय फुटबल टोलीका सदस्य कोहलपुर निवासी पूजाले नेपाललाई फाइनलसम्मको यात्रा तय गर्नमा महत्वपुर्ण भूमिका निर्वाह गर्नुभएको थियो । राष्ट्रिय टोलीमा पूजाले गरेको योगदानको उच्च मुल्याकन गर्दै सम्मान गरिएको कोहलपुर नगरपालिका नगरप्रमुख पूर्णप्रसाद आचार्यले बताउनुभयो । कोहलपुरकी चेलीले अन्तराष्ट्रिय स्तरको



प्रतियोगितामा देशकै लागि महत्वपूर्ण योगदान गर्ने खेलाडीलाई सम्मान गर्न पाउँदा खुसी लागेको नगरप्रमुख आचार्यले बताउनुभयो । आचार्यले स्थानीय स्तरमा खेलाडीहरुको उत्पादनमा पछिल्लो समय कोहलपुर नगपालिकाले विद्यालयस्तरका खेल, कोहलपुर गोल्ड कप, वडास्तरीय फुटबल, क्रिकेट र भलिबल जस्ता खेलहरु आयोजना गरिरहेको बताउनुभयो। नगरप्रमुख आचार्यले खेलाडीहरुको आत्मबल र उहाँहरुको क्षमताको सम्मान गर्दै भावी दिनमा यसरी नै खेलाडीहरुको सम्मान गरिने उल्लेख गर्नुभयो । कोहलपुर नगर उपप्रमुख सङ्गीता सुवेदी पौडेलले कोहलपुरको चेलीलाई यसरी सम्मान गर्न पाउनु गर्वको कुरा भएको बताउनुभयो ।

## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

## करार पदपूर्ति सम्बन्धि सूचना

**प्रथम पटक सूचना मिति : २०८१ /०७ /२१ गते**

हिमाली गाउँपालिका कार्यालयको लागि १ (एक) जना सिभिल इन्जिनियर खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएको हुदाँ तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनभित्र यस कार्यालयमा रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो बिज्ञापन आह्वान गरिएको छ।

तपशिल

| क्र.सं. | बिज्ञापन नम्बर | पद र तह | सेवा/ समुह | माग पद संख्या | आवश्यक शैक्षिक योग्यता | परीक्षाको किसिम | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२/ सि. इन्जिनियर | सिभिल इन्जिनियर, छैटौं | इन्जिनियरिङ/ सिभिल/ करार | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियर विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | छोटो सुची, अन्तर्वार्ता र फायल अध्ययन | रु. १५००/- |

१. **उम्मेदवारको उमेरको हद:** माथि उल्लेखित पदहरुमा दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
२. **दरखास्त दिदा संलग्न हुनुपर्ने कागजातहरू:**
क. एस्.एल्.सी./SEE देखि र सोभन्दा माथि सम्बन्धित तहका शैक्षिक योग्यताका प्रमाणपत्र,
ख. चारित्रिक प्रमाणपत्र,
ग. नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,
घ. नेपाली नागरिकताको प्रमाणपत्र,
ङ. पासपोर्ट साइजको फोटो-२ प्रति
३. **दरखास्त दिने अन्तिम मिति:** २०८१/०८/०५ गते कार्यालय समयभित्र र सो दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट कार्यालय समयभित्र।
४. **परीक्षा केन्द्र र मिति:** पछि सूचना प्रकाशन गरिनेछ।
५. **परीक्षा दस्तुर भुक्तानी:** गा.पा. राजस्व शाखा दरखास्त दस्तुर बुझाएको नगदी रसिद/वा हिमाली गाउँपालिकाको सानिमा बैंकमा रहेको राजस्व खातामा दाखिला गरेको भौचर।
६. **परीक्षाको पाठ्यक्रम:** सम्बन्धित तह र विषयसँग सम्बन्धित हुनेछ।
७. **तलब स्केल:** प्रचलित कानुनले तोके बमोजिम हुनेछ।
८. उल्लेखित कागजातहरू क्रमिक रूपमा Compile गरी एउटै फाइलमा संलग्न गरी हिमाली गाँउपालिकाको प्रशासन शाखामा दर्ता गराउनुपर्ने
**दरखास्त दिने स्थान :** हिमाली गाउँपालिकाको कार्यालय, बाजुरा।
थप जानकारीको लागि सम्पर्क नं. ९८५६०७७५२३

नि. प्रमुख प्रशासकिय अधिकृत

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# सात दिनदेखि तीन वर्षका बालक बेपत्ता

नमस्ते समचारदाता
हुम्ला, कार्तिक/२०



खार्पुनाथ गाउँपालिका-३ एक जना बालक सात दिनदेखि बेपत्ता भएका छन् । खार्पुनाथ गाउँपालिका-३ को राया गाउँबाट अर्को गाउँ कारङ्ग जाने क्रममा ती बालक बेपत्ता भएका हुन् । राया गाउँ निवासी लोकेन्द्र रोकायाको कान्छो छोरा तीन वर्षका सदर रोकाया कात्तिक १४ गते आफ्नै घरबाट निस्केका र त्यसयता सम्पर्कमा नभएको स्थानीय रामबहादुर बोहराले बताए । बालक बेपत्ता भएको दिनबाटै स्थानीय मिलेर खोजी कार्य जारी राखेको भए पनि हालसम्म भेटाउन सकिएको छैन । घरबाट उत्तरतिरको काँरुगा गाँउ जाने बाटोतिर निस्केपछि बालक बेपत्ता भएका हुन् । घर परिवार सबै घरमा हुँदा दिउँसोको नास्तापछि बालककी आमा आइती रोकाया घाँस काट्न गएको र आमालाई खोज्न जाँदा बालक हराएको अनुमान गरिएको बोहराले जानकारी दिए । हराएको दोस्रो दिनमा प्रहरीलाई जानकारी गराएको र प्रहरीले पनि खोजी कार्य जारी राखेको जनाइएको छ।

## भित्र्याउने...

यादवले भने, 'धान थन्क्याइसकेका किसानहरुले पराल थन्क्याउन बाँकी नै थियो । पराल पनि पानीले डुबाएर कामै नलाग्ने बनाइदियो ।' रुझेको पराल कुहिएमा गाईभैँसीले नखाने भएकाले केही दिन लगाएर घाममा सुकाउनुपर्ने समस्या भएको उनको भनाइ छ । यो साल धान रोप्ने बेलामा मौसम अनुकूल परेका कारण यस वर्ष उत्पादन बढ्ने आकलन गरिएको भए पनि अहिले क्षति पुगेको कृषि ज्ञान केन्द्र बाँके जनाएको छ । कृषि मन्त्रालयको तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा धानको कूल उत्पादन गत आव भन्दा ४ दशमलव ३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिकटन पुगेको थियो। जुन विगत चार वर्षको औषत उत्पादनको तुलनामा ५ दशमलव ०८ प्रतिशतले बढी हो । कूल धानबाली भित्र्याइएको क्षेत्रफल आव २०७९/८० को तुलनामा शून्य दशमलव ६१ अर्थात् आठ हजार आठ सय हेक्टरले कमी भई १४ लाख ३८ हजार नौ सय ८९ हेक्टर कायम हुन पुगेको छ । यो क्षेत्रफल अघिल्लो चार आवका औसत क्षेत्रफलको तुलनामा एक दशमलव ७३ प्रतिशतले कम हो। धानबालीको औसत उत्पादकत्व गत आवको तुलनामा चार दशमलव ९७ प्रतिशतले वृद्धि भई तीन दशमलव ९८ मेट्रिकटन प्रतिहेक्टर पुगेको छ जुन गत चार वर्षको औषत उत्पादकत्व भन्दा छ दशमलव ९२ प्रतिशतले बढी हो। गत आवमा धानको उत्पादन कोशी प्रदेशमा उच्च रहेको थियो भने कर्णाली प्रदेशमा सबै भन्दा न्युन रहेको थियो। गत आवमा उत्पादकत्व तर्फ कोशी प्रदेश चार दशमलव ४३ मेट्रिकटन प्रतिहेक्टर सहित अग्रस्थानमा रहन गर्‍यो भने मधेस प्रदेश तीन दशमलव ४९ मेट्रिकटन प्रतिहेक्टर मेट्रिकटनमा सीमित भई न्यून स्थानमा रहन पुग्यो । मुख्य धानको तुलनामा विगतका आवमा जस्तै चैते धानको उत्पादकत्व उच्च कायम रहेको छ । गत आवमा धान उत्पादन वृद्धि हुनुमा बीउको उपलब्धता र प्रयोग तथा रोग कीराको प्रकोपमा कमी, बाढीपहिरोबाट धान बालीमा पर्ने जाने नकारात्मक असरमा कमी, मलखादको उपलब्धतामा आएको सुधार, कृषि औजार र प्रविधिको प्रयोग र मौसमी अनुकूलतालाई लिइएको थियो। मधेस प्रदेशका केही जिल्लामा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएका कारणले समग्र मधेस प्रदेशको उत्पादन र उत्पादकत्वमा गत आवको तुलनामा ह्रास आएको छ।

## पानी...

१४ वर्षअघि खानेपानी आयोजना निर्माण थालिए पनि बिचमै रोकिएको थियो। उक्त आयोजना किन रोकियो, कति बजेट खर्च भयो भन्नेबारे स्थानीयले थाहै पाएनन् । सो आयोजनाका लागि ल्याइएको जिआई पाइपलगायतका केही निर्माण सामग्री तिला गाउँपालिका-८, पुरुगाउँ खोलामा अहिले पनि लथालिङ्ग छन् । खानेपानीको समस्या समाधानका लागि हाल गाउँपालिकाले चार करोडको योजना कार्यान्वयनमा ल्याएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा छ करोडको ठेक्का आह्वान गरेकोमा चार करोडमा निर्माण कम्पनी शिवदेउती, सुलोचना, बजु जेभीसँग तीन वर्षभित्र खानेपानी गाउँमा पुऱ्याउने गरी सम्झौता भएको छ । पहिलो चरणको काम सुरु भएको गाउँपालिका प्रविधिक शाखा प्रमुख धनप्रसाद चौलागाईंले जानकारी दिनुभयो । गाउँमा तीन वर्षभित्र खानेपानी पुऱ्याउने गरी सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदानअन्तर्गत राष्ट्रिय योजना आयोगबाट विनियोजन जम्मा बजेट रु. चार करोड ६९ लाखमध्ये गतवर्ष पचास लाख र यो वर्ष एक करोड ५० लाख क्रमागत रकम पालिकामा प्राप्त भएको हो। उक्त योजनाका लागि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडिपी) ले रु. ९५ लाख सहयोग गरेको हो । सो योजनामा एक करोड १० लाख पालिकाले बजेट विनियोजन गरेको तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले बताउनुभयो । योजना छिटो सम्पन्न गर्न अनुगमनलाई प्राथमिकतामा राखिएको तिला गाउँपालिका उपाध्यक्ष गोरीकला बुढाले जानकारी दिनुभयो । तिला-६ बाट रारा गाउँसम्म मुहानको संरचना १५ किलोमिटर लामो छ । गाउँमा खानीपानी निर्माण योजनाको काम अघि बढेपछि स्थानीयवासीमा खुसी छाएको छ।

## पुरानो...

विसं २०१५ मा सो क्षेत्रमा भजनी निम्न माध्यमिक विद्यालय विद्यालय स्थापना भएको थियो । विसं २०३५ मा उक्त विद्यालयको नाम परिवर्तन गरी महुन्याल बनाइएको भारद्धाजले बताउनुभयो। उसो त सुदूरपश्चिम पश्चिम तराईका कञ्चनपुर र कैलाली जिल्ला उतिबेला सुवर्ण शमशेरको बिर्ता भएको भन्ने पनि छ। त्यसबेला कैलाली जिल्लालाई चार भागमा विभाजन गरेर शासन प्रशासन चलाइने गरेको बताइन्छ। कैलालीको दक्षिणपूर्वी खक्रौलादेखि टीकापुर लम्कीहुँदै चुरेसम्मको क्षेत्रमा शाही, मध्य भागको भजनीदेखि दरख, साढेपानी हुँदै उत्तरतिर चुरेसम्म मलवारा क्षेत्रमा मल्ल, हसुलियादेखि चौमाला हुँदै चुरेसम्म महत्तो र धनगढीदेखि गोदावरी हुँदै चुरेसम्म बमलाई हेर्ने जिम्मा दिइएको इतिहास रहेको पत्रकार दुर्गाप्रसाद भण्डारी बताउनुहुन्छ । "मलवारा भजनी क्षेत्र मात्र होइन, यसको क्षेत्र भजनीदेखि चुरे क्षेत्रको पण्डौनसम्म हो, मल्लहरूको क्षेत्र भएकाले 'मल्लबाडा' हुँदै थारु भाषामा 'मलवारा' भएको हो, यसैलाई नेपालीमा पछि मलवार भनियो," उहाँले भन्नुभयो । त्यसबेला कुनै राज्यबाट कसैमाथि सजाय दिइँदा कालापानी पठाउने गरिन्थ्यो। त्यसैको सिकार हेमेन्द्र भारद्धाजका बुवा पर्नुभयो। वि.सं २०१५ मा बिपी कोइराला प्रधानमन्त्री हुँदा उहाँसँगको खटपटले काठमाडौँ छोडेर भजनी पुगेको उहाँको भनाइ छ।

# सिकलसेल उपचारका लागि भेरि अस्पतालमा बेग्लै वार्ड स्थापना गरिने

नमस्ते समचारदाता
बाँके, कार्तिक/२०



देशको पश्चिम तराईका थारु समुदायमा प्रमुख स्वास्थ्य समस्याको रुपमा देखिएको सिकलसेल एनिमिया रोगको उपचारका लागि भेरी अस्पताल नेपालगञ्जमा बेग्लै वार्ड स्थापना हुने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले मन्त्रिस्तरीय निर्णय गर्दै थारु समुदायको प्रमुख स्वास्थ्य समस्याको उपचारका लागि बेग्लै वार्ड स्थापना गरेर विशेष उपचार व्यवस्था गर्ने निर्णय गर्नुभएको हो। ठूलो जनसंख्यामा थारु समुदायमा समस्या देखिए पनि यसको उपचारका लागि पर्याप्त व्यवस्था हुन सकेको छैन । यस्तोमा मन्त्री पौडेलले भेरि अस्पताल नेपालगञ्जमा हेमोग्लोविनोप्याथी वार्ड स्थापनाको निर्णय गर्दै भर्ना हुने बिरामीहरुका लागि समेत व्यवस्था गराउने निर्णय गर्नुभएको हो । मन्त्री पौडेलले गत महिना सिकलसेल उपचारसम्बन्धमा अभियन्ता उज्वलबिक्रम थापा, थारु अधिकारकर्मीलगायतको टोलीसँग समुदायको समस्याबारे जानकार रहेको भन्दै यसका लागि केही व्यवस्था गर्ने घोषणा गर्नुभएको थियो । सोहीअनुरुप थारु समुदायलाई पायक पर्ने र अधिक बसोबास रहेको क्षेत्रलाई लक्षित गरी भेरि अस्पतालमा वार्ड स्थापनाको निणय गरिएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । थारु समुदायमा वंशाणुगत स्वास्थ्य समस्याका रुपमा रहेको सिकलसेलबाट समुदायका झण्डै १२ प्रतिशत नागरिक प्रभावित भएको स्वास्थ्य मन्त्रालयको एक आँकडाले देखाएको छ । पश्चिम तराई बाँके, बर्दिया, कैलाली कञ्चनपुर लगायतका भुभागमा बसोवास गर्ने थारु समुदायका नागरिकहरु सिकल सेल रोगबाट बढी प्रभावित पाइएको छ । विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका बमोजिम सिकलसेल एनिमिया रोग लागेका विरामीहरुलाई शल्यक्रिया, औषधी तथा औषधीजन्य सामग्री, थप निदानात्मक सेवा शय्या सेवा शुल्क आदिका लागि एक लाख रुपियासम्म खर्चको व्यवस्था गरिने मन्त्राललयले जनाएको छ ।

# पुरानो सदरमुकाम भजनी : कृषि र पर्यटनमा प्रचुर सम्भावना

नमस्ते समचारदाता
कैलाली, कार्तिक/२०



कैलाली जिल्लाको भजनी बजार जिल्लाको पुरानो सदरमुकामको रूपमा रहेको इतिहास धेरै भएको छैन । हरेक सम्भावनाले भरिएको भजनीलाई कैलाली जिल्लाको सदरमुकाम थियो भन्दा अहिलेको पुस्तालाई पत्याउन गाह्रो हुन्छ । आज भजनीले भोगिरहेका अभावका अगाडि त्यो पुरानो सदरमुकामको कुरा गर्दा नयाँ पुस्ताले अनौठो मान्ने गर्छन् । विसं २०३८ सम्म जिल्लामा हुनुपर्ने कतिपय कार्यालय भजनीमै थिए । त्यति बेला निर्माण भएका कैयौँ संरचनाको अंश आजका दिनमा जीवित छन् । पुरानो सदरमुकामका बासिन्दा केही दशकदेखि प्राकृतिक विपद् लगायत चुनौतीसँग लड्न र जुध्नबाध्य भइरहेका छन् । यो क्षेत्रका लागि वर्षायाममा हुने बाढी, नदी कटान र डुबानको समस्या ठुलो चुनौती बन्ने गरेको छ । बाढी डुबानले सयौँ परिवार विस्थापित हुने गरेका छन् । चारैतिरबाट नदीले घेरिएको भजनी बजारका लागि कान्द्रा, मोहना, काढा र पथरैया नदी बाढीको जोखिम निम्त्याउने माध्यम बनेका छन् । "बाढी र डुबानको समस्यालाई दिगो रूपमा समाधान गर्न सक्यो भने यस क्षेत्रको विकासले फड्को मार्न सक्थ्यो," भजनी नगरपालिकाका प्रमुख केवल चौधरीले भन्नुभयो, "हाम्रो स्रोतले भजनीलाई ओभानो राख्न सक्ने स्थिति छैन । केन्द्र र प्रदेश सरकारले हाम्रो पीडालाई बुझ्न र महसुस गर्न सकेको छैन ।" स्थानीय नदी तथा खोलाको सतह बर्सेनि बढ्दै गएसँगै सामान्य वर्षामा भजनी क्षेत्र डुबानको चपेटामा पर्ने गरेको नगरपालिकाका प्रवक्ता विक्रम चौधरी बताउनुहुन्छ । "जमेको वर्षाको पानी थुनिने गरी हुलाकी राजमार्ग निर्माण हुँदा डुबानको समस्या निम्तियो", चौधरीले भन्नुभयो, "अन्तर्राष्ट्रिय सीमादेखि १० किलोमिटरको दूरीमा रहेको भारतको घाँघर नदीमा बनेको बाँधका ढोका बन्द गरिँदा पनि कैलालीको दक्षिणपूर्वका भजनीसहितका क्षेत्रमा डुबान हुने गरेको छ ।" डुबान र नदी कटानकै कारण कतिपय गाउँका बस्तीलाई अन्यत्रै स्थानान्तरण गर्नुपर्ने देखिएको स्थानीयको भनाइ छ। कुनै समयमा भारत, बङ्गलादेश, श्रीलङ्कालगायत देशमा चामल निर्यात गर्नमा देशमै स्थान बनाएको भजनीको राइस मिल बन्द भएको लामो समय भइसकेको छ । नजिकको सीमा क्षेत्रमा सञ्चालनमा रहेका दुई भन्सार कार्यालयमध्ये कुसुमघाट भन्सार कार्यालय बन्द भइसकेको छ। "भजनीवासीका दुःख हटाउन नदी नियन्त्रणसम्बन्धी बृहत् गुरुयोजना बनाएर अघि बढ्नुपर्ने देखिएको छ", प्रवक्ता चौधरीले भन्नुभयो, "यसका लागि प्रदेश र सङ्घीय सरकारसँग पहल गरिरहेका छौँ ।" त्यसबेलाको केन्द्र शासनसँग समन्वय गरेर चिसापानीदेखि दक्षिण भजनी लालभोझीसम्मको क्षेत्रलाई जिल्ला कायम गरी सरकारी कामकाजको सुरुआत गराउने स्वर्गीय सुब्बादिलीप सिंह मल्लको भूमिकालाई भजनी वासीले आज पनि बिर्सेका छैनन् । स्वर्गीय दिलीपसिंह मल्ल सुदूरपश्चिम प्रदेशका प्रथम प्रदेश प्रमुख स्व मोहनराज मल्लका बुवा हुनुहुन्थ्यो । त्यो बेला मल्लहरू त्यस क्षेत्रको ठुला जमिनदार थिए । सबै राजकाज मल्लहरूकै चल्थ्यो । त्यस ठाउँमा बसोबास गर्ने मल्ललाई भजनीको रैथाने पनि भनिन्छ । स्थानीय प्रदीप मल्लकाअनुसार यो क्षेत्रमा डगौराथारु र मल्लको बसोबास सँगसँगै भएको पाइन्छ। "म २०१६ मा भजनीमै जन्मिएको हुँ, मलाई थाहा छ त्यो बेला सरकारी अया, थाना, खाद्य, सहकारी सबै कार्यालय भजनीमै थिए," स्थानीय समाजसेवी हेमेन्द्र भारद्धाज भन्नुहुन्छ, "आज पनि केही संरचनाको अवशेष बाँकी छन् ।" उसो त बर्दियाभन्दा पश्चिम एकमात्र स्वास्थ्य केन्द्र भजनीमा नै थियो । त्यसबेलाको टेलिफोनको टावर आज पनि छ । कृषि सहकारीको खाद्य गोदाम छ।

*बाँकी ३ पेजमा...*


## हार्दिक आभार सहित सबैमा धन्यवाद

हुम्ली एकता समाज बाँकेले शुभ दीपावली तथा छठ पर्व २०८१ को पावन अवसरमा हुम्ला जिल्लाका विभिन्न स्थानीय तहबाट बाँकमा आई विभिन्न पेशा, व्यवसाय, जागिर तथा अन्य पेशामा संलग्न भई आ-आफ्नो कर्म गरिरहेका एवं स्थायी/अस्थायी रुपमा बाँकेमा बसोवास गरिरहेका सम्पूर्ण हुम्लीहरुलाई संगठित र एकीकृत गरी देउसीभैलो तथा देउडाखेल कार्यक्रम सम्पन्न गरेको छ । दीपावलीको पूर्वसन्ध्यामा शुभकामना आदान-प्रदान गरिएको थियो भने दीपावलीको अवसरमा देउसीभैलो खेल्ने कार्यक्रम तय गरिएको थियो । हुम्ली एकता समाज बाँकेले पहिलो पटक "सामुहिक जमघट हाम्रो आवश्यकता, बाँकेमा हुम्लीहरुको एकता र साँस्कृतिक संरक्षणको सुनिश्चितता" भन्ने नारा सहित हुम्लाबाट बाँके आई स्थायी/अस्थायी रुपमा बसोवास गरिरहेका सम्भव भए सम्म सबै हुम्लीहरुको घर-घरमा पुगी देउसीभैलो तथा देउडाखेल समेत खेलिएको थियो । देउसी भैलोमा देउडा सांस्कृतीलाई संरक्षण गर्ने, यसको प्रचार प्रसार गर्ने तथा नयाँ पुस्तामा कर्णालीको देउडा सांस्कृतिलाई पहिचान तथा हस्तान्तरण समेत गराउने उद्देश्यले देउडाको माध्यमबाट कर्णालीका मौलिक गीत गाएर देउसीभैलो खेलिएको थियो । देउसीभैली कार्यक्रममा हुम्लाको स्थानीय लोक संस्कृतिलाई बाँकेमा पनि प्रचार प्रसार गर्दै नयाँ पुस्तामा यसको संरक्षण गराउने, हुम्लामा हुने प्राकृतिक र जैविक विविधता र त्यसको महत्व बारे पहिचान तथा बजारीकरणको समेत व्यवस्था गराउने विषयमा हुम्ली एकता समाजले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं । यो देउसी भैलो कार्यक्रममा सहभागी हुनुहुने तथा निरन्तर सुझाब सल्लाह दिनु हुने आदरणिय ब्यक्तिव लाल बहादुर शाही, सम्मानीत व्यक्तित्वहरु हुम्लाका प्रतिनिधिसभा सदस्य माननीय रंगमती शाही, ताँजाकोट गाउँपालिका नि .बर्तमान अध्यक्ष तथा समाजसेवी बाग्दल मल्ल, राप्तीसोनारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दान बहादुर ऐडी, हिमाली गाउँपालीकाका प्रमुख प्रशासकिय अधिकृत राज बहादुर भण्डारी, कर्णाली सेवा समाजका स्थापक अध्यक्ष तथा पश्चिमेली एकता समाजका अध्यक्ष नर बहादुर मल्ल, समाज सेवी उमान्द उपाध्याय,चंखेली गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत परम पाण्डे, ब्यसायि तथा समाज सेवी लोकेन्द्र भण्डारी यस्तै देउसी भैलो कार्यक्रम भरी महत्वपुर्ण सल्ला दिएर सहयोग गर्नु हुने मान बहादुर महतारा, कर्ण प्रसाद ढकाल,कृष्ण भक्त जैशी, नन्द बहादुर शाही, जनक शाही, बिर्ख बहादुर शाही, देउडा खेलाडी तथा व्यबसायि चक्र मल्ल, पवन बुढा, पदम मल्ल तेस्तै पिउली सुनार, लगायत यो देउसीभैलो कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष वा अप्रत्य रुपमा सहयोग गर्नु हुने सम्पूर्ण हुम्लीहरुमा सम्मान प्रकट गर्न चाहन्छु । साथै अन्तमा देउसीभैलो कार्यक्रममा मन खोलेर हुम्ली एकता प्रति प्रतिवद्ध भई मन खोलेर दान दक्षिणा प्रदान गर्नु हुने सबै हुम्लीजनहरुलाई हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

**अशोक भण्डारी**
अध्यक्ष
हुम्ली एकता समाज बाँके


# निर्माणाधीन दरबारको झ्यालका सिसा हटाउन पत्र

नमस्ते समचारदाता
अछाम, कार्तिक/२०



निर्माणाधीन अवस्थामा रहेको मङ्गलसेन दरबारको झ्यालमा राखेको सिसा हटाउन मङ्गलसेन नगरपालिकाले अनुरोध गरेको छरु। पुरानै संरचनामा निर्माण भइरहेको दरबारको झ्यालमा सिसा लगाएकाले दरबारको ऐतिहासिक तथा सांस्कृतिक झल्को मेटिने भएकाले सिसा हटाउन पत्र पठाएको छ । दरबारको झ्यालमा लगाइएका सिसा हटाएर पुरानै शैलीमा काठको प्रयोग गर्न अनुरोध गरिएको छ । पुरानै शैलीमा निर्माण भइरहेको दरबार पर्यटकीय रूपमा हेरिएकाले सिसा प्रयोगविरुद्ध स्थानीयको माग र दबाब भएकाले सहरी विकास तथा भवन निर्माण विभागलाई लेखिएको नगरका उपप्रमुख सङ्गीता रावल सोडारीले जानकारी दिनुभयो । सिसा प्रयोगले दरबारको स्वरूप नै भद्दा भएको दरबार अवलोकन गर्नेको भनाइ आइरहेको बताइएको छ । २०६७ सालमा निर्माण पूरा हुने गरी २०६५ मा ठेक्का भएर निर्माणका क्रममा रहेको मङ्गलसेन दरबारलाई प्रदेशस्तरकै सङ्ग्रहालय बनाउनु पर्ने माग बढेको छ । ऐतिहासिक र सांस्कृतिक रूपमा ठुलो सङ्ग्रहालयका रूपमा सुदूरपश्चिम प्रदेश सरकारले सङ्ग्रहालय बनाउन स्थानीयको माग छ । अछामी राजाका पालामा करिब दुई सय वर्षअघि निर्माण गरिएको भनिएको सो दरबार २०५८ फागुन ४ गते राति तत्कालीन नेकपा (माओवादी) ले सदरमुकाम आक्रमणका क्रममा ध्वस्त भएको थियो । १४ वर्षसम्म पनि निर्माण नभएको भन्दै स्थानीय आक्रोशित छन् ।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके